दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, बैतडी
सुदुरपश्चिमप्रदेश,नेपाल

Phone no:- 095 520171/520241
Fax no:- 095 520471
Email:- dnpbaitadi@gmail.com

पत्रसंख्या :- ०७७/७८
चलानी नम्बर :-

मिति २०७७।११।०९

## आ.ब.२०७८/०७९ का लागि बेरोजगार ब्यक्ति सुचिकरण सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्वन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन २०७७) बमोजिम आगामी आ.ब. २०७८/०७९ का लागि स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक **१८-५९ बर्ष उमेर समुहका बेरोजगार ब्यक्तिहरुले २०७७ फागुन मसान्तसम्म** आफुले स्थायी बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(पहिलो संसोधन २०७७) को अनुसूची १ बमोजिम हुनुपर्नेछ । **निवेदनको ढाँचा सम्बन्धि वडा कार्यालय, नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np/publication/others बाट प्राप्त गर्न सकिनेछ ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच लक्षित गरिब विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्‍याउने भएकाले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ ।

### निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु :

१. निवेद्क सहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि
२. नागरिकता नभएका बालबालिकाहरुको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि
३. फोन नं., बार्षिक पारिवारीक आय, र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने छ ।
४. फारममा भएको पारिवारिक विवरणमा निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं.,जारी मति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था आदि विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।
५. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता, तथा अन्य (पेन्सन), कुनै सेवा सुविधा लिइरहेको/नरहेको विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।
७. साथै निवेदक कुनै किसिमको स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ ।

**नोट :** माथि उल्लेखित विवरण अपूर्ण अथवा झुठो भएमा फारम रद्द गरिनेछ ।
साथै थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

नन्द राज जोशी
रोजगार संयोजक

नबिन चन्द्र पाण्डेय
नि. प्रमुख प्रशासकिय अधिकृ



Scanned with CamScanner